फ्याक्स
email: bkpromot@htp.com.np
website: www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/८/०६३/६४ मिति : २०६३/५/३०

सबै ईजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्था ।

महाशय,

कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सूचीकृत यस बैंकबाट ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका शेयरधनीहरुले प्राप्त गर्न सक्ने हकप्रद शेयर, अग्राधिकार शेयर, ऋणपत्र तथा लाभांश सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

(क) यस बैंकबाट ईजाजतपत्रप्राप्त कुनै बैंक तथा वित्तीय संस्थाका संस्थापक शेयरधनीहरु मध्ये कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भईरहेका संस्थापक शेयरधनीले आफू संस्थापक रहेको बैंक/वित्तीय संस्थाको हकप्रद शेयर, अग्राधिकार शेयर तथा ऋणपत्र खरीद गर्न पाउने छैनन् ।

(ख) कुनै बैंक तथा वित्तीय संस्थाले आफ्नो सिफारिशमा कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भईरहेका ऋणीले अन्य बैंक तथा वित्तीय संस्थाको संस्थापक लगयतका अन्य शेयरधनीका हैसियतले पाउने लाभांश रकम रोक्का राखी कर्जा चुक्ता गर्ने प्रयोजनका लागि कर्जाको विस्तृत विवरणसहित सम्बन्धित बैंक तथा वित्तीय संस्थासंग रकम भुक्तानी माग गरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थापक लगायतका अन्य शेयरधनीलाई भुक्तानी दिनु पर्ने त्यस्तो लाभांश रोक्का राखी माग गर्ने बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराउनु पर्नेछ । यस्तो व्यवस्था आफ्नै बैंक तथा वित्तीय संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनका लागि समेत लागू हुनेछ ।

भवदीय

(केशवराज आचार्य)
निर्देशक